nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १४२ पृष्ठ ४ । आइतबार ११ माघ २०८२ । SUNDAY, JANUARY 25, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## बारा-पर्सामा रास्वपाले सक्षम उम्मेदवार छनोट गर्न नसकेको : मतदाता




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० माघ ।**

बारा र पर्सा जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सक्षम र प्रभावशाली उम्मेदवार दिन नसकेको भन्दै मतदाताहरूले आलोचना गरेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी र जसपा नेपाललगायत पुराना दलहरूले चर्चित तथा हेभीवेट उम्मेदवारहरू चुनावी मैदानमा उतारेका बेला रास्वपाको उम्मेदवार छनोट कमजोर देखिएको मतदाताको धारणा छ ।

यसपटकको निर्वाचनमा जेन-जी आन्दोलनको प्रभाव र पार्टी नेतृत्वको लोकप्रिय छविका कारण रास्वपाले बारा-पर्साका केही क्षेत्र जित्न सक्ने आँकलन गरिएको थियो । तर उम्मेदवार छनोटकै कारण त्यो आँकलन उल्टिन सक्ने शंका बढेको छ । राजनीतिमा नयाँ, समाजमा पर्याप्त योगदान नगरेका तथा राजनीतिक दाउपेचमा अनुभव नपुगेका व्यक्तिहरूलाई उम्मेदवार बनाइएको कारण चुनावी प्रतिस्पर्धामा पार्टी कमजोर पर्ने सक्ने विश्लेषण गरिएको छ । पार्टीबाट केही चर्चित र अनुभवी राजनीतिक व्यक्तिहरूले उम्मेदवारी दिन इच्छा व्यक्त गरे पनि जिल्लास्तरीय नेतृत्वले स्थानीय परि स्थिति सही रूपमा नबुझ्दा पार्टीको अवस्था कमजोर बन्ने हो कि भन्ने विषयमा पार्टीभित्रै बहस भइरहेको छ । पर्सा निर्वाचन क्षेत्र नम्बर-१ मा नेपाली कांग्रेसका एक चर्चित नेताले रास्वपाबाट टिकट माग गरेको भए पनि जिल्ला कमिटीले केन्द्रीय नेतृत्वलाई यथार्थपरक जानकारी नदिएको आरोप लागेको छ । त्यस्तै, पर्सा निर्वाचन क्षेत्र नम्बर-२ मा पनि स्वच्छ छवि र स्वीकार्य उम्मेदवार अघि सार्न नसकेको भन्दै पार्टीभित्र असन्तुष्टि देखिएको छ । पर्सा क्षेत्र नम्बर-२ बाट रास्वपाले वीरगञ्ज महानगरपालिका वडा नम्बर-१० का वडाध्यक्ष तथा पर्दा पछाडि प्रभावशाली ठेकेदारका रूपमा चिनिने सुशील कानुलाई उम्मेदवार बनाएको छ । स्रोतका अनुसार उनी वीरगञ्ज महानगरपालिकाका तत्कालीन मेयर विजय सरावगी र वर्तमान मेयर राजेशमान सिंहका विश्वासपात्र मानिन्छन् र महानगरभित्र हुने गतिविधिसँग जोडिँदै आएका व्यक्ति हुन् । उक्त क्षेत्रमा अन्य दलहरूले चर्चित तथा हेभीवेट उम्मेदवार खडा गरेकाले रास्वपाको प्रतिस्पर्धा कठिन देखिएको छ । पर्सा निर्वाचन क्षेत्र नम्बर-३ र ४ मा पनि समाजमा परिचित र स्वीकार्य व्यक्तिहरूलाई उम्मेदवार नबनाइएको भन्दै पार्टीकै नेताहरूले असन्तुष्टि व्यक्त गरेका छन् । त्यसैगरी बाराको अवस्था पनि उस्तै रहेको दावी गरिएको छ । क्षेत्र नम्बर-२ मा महिनौँदेखि चुनाव

बाँकी तेश्रो पृष्ठमा⇨

## करोडौं रकम लिएर उम्मेदवारी फिर्ता लिएको आरोपपछि तेलीको फेसबुकमा सफाई




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० माघ ।**

जित्ने प्रबल आधार हुँदाहुँदै उम्मेदवारी फिर्ता लिएपछि राजेश्वर साह तेली तीव्र आलोचनाको घेरामा परेका छन् । नेपाली कांग्रेसबाट टिकट नपाएपछि बागी बनेका पूर्व प्रदेशसभा सदस्य साहले स्वतन्त्र उम्मेदवारी दर्ता गराए पनि निर्वाचन आयोगले तोकेको समयसीमाभित्र उम्मेदवारी फिर्ता लिँदै पुनः कांग्रेसमै फर्किएका हुन् । उनको यो कदमपछि समर्थकहरूबीच तीव्र असन्तुष्टि फैलिएको छ । कुनै पनि हालतमा उम्मेदवारी फिर्ता नलिने अडानसहित समर्थकहरूको सहयोगमा उम्मेदवारी दिएका तेलीले अन्तिम समयमा आएर आर्थिक तथा पदको लोभमा उम्मेदवारी फिर्ता लिएको आरोप समर्थकहरूले लगाएका छन् । पर्सा निर्वाचन क्षेत्र नम्बर-२ बाट नेपाली कांग्रेसले पूर्वमन्त्री अजयकुमार चौरसियालाई पुनः चुनावी मैदानमा उतारेपछि तेलीको उम्मेदवारी फिर्तालाई अझै शंकास्पद रूपमा हेरिएको छ । राजेश्वर साह तेलीको उम्मेदवारी फिर्ता सुनिश्चित गर्न दलालमार्फत करोडौँ रुपैयाँसम्मको बार्गेनिङ भएको अपुष्ट तर व्यापक चर्चा बाहिर आएको छ । त्यसैगरी, हालका प्रदेशसभा सदस्य श्याम पटेललाई सो क्षेत्रबाट हटाई आगामी प्रदेशसभा निर्वाचनमा तेलीलाई उम्मेदवार बनाउने विषयमा कांग्रेस पर्साभित्र गोप्य सहमति भएको दाबीसमेत गरिएको छ । यद्यपि, कांग्रेस पर्साले यी विषयको औपचारिक पुष्टि गरेको छैन । उम्मेदवारी फिर्ताबारे तेलीले सामाजिक सञ्जालमार्फत लामो आत्मवृत्तान्त लेख्दै सफाइ दिए पनि पर्सावासीले त्यसलाई सहजै स्वीकार गरेका छैनन् । आम मतदाताले यस घटनामा ठूलो आर्थिक चलखेल भएको आरोप लगाउँदै निर्वाचन आयोगले गम्भीर छानबिन गर्नुपर्ने माग गरेका छन् । चुनावका बेला पटक-पटक नाटक मञ्चन गर्ने र अवसरअनुसार धारणा बदल्ने आरोप खेप्दै आएका तेलीको यो व्यवहारले उनका समर्थकहरू आक्रोशित बनेका छन् । उनका एक समर्थकले "तेलीको राजनीतिक जीवन यहीं समाप्त भयो, अब क्षेत्रवासीले उनलाई कहिल्यै विश्वास गर्ने छैनन्" भन्ने प्रतिक्रिया दिएका छन् । सामाजिक सञ्जालमा तेलीको यो कदमलाई 'आत्मघाती राजनीतिक निर्णय' को रूपमा विश्लेषण गरिएको छ । धेरैको बुझाइमा यसपटक उनले

बाँकी तेश्रो पृष्ठमा⇨

## प्रेस सेन्टर पर्साको बैठक सम्पन्न



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० माघ ।**

प्रेस सेन्टर नेपाल पर्सा शाखाको बैठक सम्पन्न भएको छ । बैठकले प्रेस सेन्टरको स्थापना दिवसको अवसरमा माघ १५ गते वीरगन्जमा प्रभातफेरी, रक्तदान कार्यक्रम तथा प्रतिनिधिसभा सदस्य पदका उम्मेदवारहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ । प्रेस सेन्टर पर्साका अध्यक्ष शिवनाथ यादवको अध्यक्षतामा सम्पन्न बैठकमा स्थापना दिवसलाई अर्थपूर्ण र समाजमुखी बनाउने उद्देश्यसहित विभिन्न कार्यक्रम तय गरिएको अध्यक्ष यादवले जानकारी दिए । बैठकमा प्रेस सेन्टर नेपाल मधेश प्रदेश अध्यक्ष निरज पिठाकोटे मगरले संगठनको नीति, उद्देश्य र भावी कार्यदिशाबारे प्रष्ट पार्दै पत्रकारहरूको पेशागत भूमिका अझ सशक्त र जिम्मेवार बनाउनुपर्नेमा जोड दिए । नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष ओमप्रकाश खनालले पत्रकार आचारसंहिता तथा निर्वाचन आचारसंहिताको कडाइका साथ पालना गर्न आग्रह गर्दै निष्पक्ष, तथ्यपरक र जिम्मेवार पत्रकारिता आजको आवश्यकता भएको बताए । बैठकमा प्रेस सेन्टरका केन्द्रीय सदस्य सन्तोष पौडेल, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सचिव तथा प्रेस सेन्टर पर्साका सल्लाहकार दिपक गौतम, जगत राईलगायत सदस्यहरूको उपस्थिति रहेको थियो । बैठकको सञ्चालन सचिव अजित भुजेलले गर्नुभएको थियो । प्रेस सेन्टर पर्साले स्थापना दिवसका कार्यक्रममार्फत पत्रकारहरूबीच एकता मजबुत बनाउँदै निर्वाचनको समयमा जनचेतना अभिवृद्धि गर्ने लक्ष्य लिएको जनाएको छ ।

## राप्रपा उम्मेदवार विना जैसवाल कुर्मीले पर्सा-२ मा घरदैलो अभियान सुरु



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० माघ ।**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की पर्सा-२ का उम्मेदवार विना जैसवाल कुर्मीले आज आफ्नो घरदैलो अभियान औपचारिक रूपमा सुरु गरेकी छन् । वीरगन्ज महानगरपालिका-२५, श्रीसिया क्षेत्रबाट सुरु भएको अभियानमा उम्मेदवार जैसवाल कुर्मीले टोल-टोलमा पुगेर स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गरेकी छन् । उनले जनताका समस्या, सुझाव र अपेक्षाहरू सुन्दै आगामी दिनमा यसलाई नीतिगत रूपमा उठाउने प्रतिबद्धता व्यक्त गरिन् । घरदैलो कार्यक्रममा शिक्षा, स्वास्थ्य सेवा, युवा बेरोजगारी, बालविवाह लगायतका सामाजिक तथा विकाससम्बन्धी मुद्दा माथि स्थानीयको धारणा संकलन गरिएको थियो । स्थानीयवासीहरूले उम्मेदवारको प्रत्यक्ष भेटघाटले राजनीतिक चेतना अभिवृद्धि भएको र जनतासँग नजिकबाट जोडिन सहज भएको बताएका छन् । जैसवाल कुर्मीको यो अभियानले पर्सा-२ क्षेत्रमा राप्रपाको सक्रियता र जनसम्पर्कलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

## पर्सा-३ मा रुपेश पाण्डेको घरदैलो अभियान तीव्र

**बीरगन्ज,१० माघ ।**

पर्सा निर्वाचन क्षेत्र-३ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेकपा एमालेका युवा नेता रुपेश कुमार पाण्डेको चुनावी अभियान तीव्रता पाएको छ। निर्वाचन नजिकिँदै जाँदा उनका घरदैलो कार्यक्रममा देखिएको जनसहभागिता र उत्साहले क्षेत्रको राजनीतिक वातावरण सक्रिय बनेको छ । पाण्डे दैनिक रूपमा टोल-टोल र बस्ती-बस्तीमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गर्दै स्थानीय समस्या, विकासका चुनौती र सम्भावनाबारे चर्चा गर्दै आएका छन्। स्थानीयवासीहरूले जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयमा समाधानमुखी दृष्टिकोण राख्ने क्षमताका कारण पाण्डेमा विश्वास बढ्दै गएको बताएका छन्। विशेषगरी युवा मतदाताहरू रोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन र आधुनिक पूर्वाधार विकास सम्बन्धी एजेन्डाबाट प्रभावित देखिन्छन् । ज्येष्ठ नागरिक र अभिभावक वर्गले पनि इमानदार नेतृत्व र दीर्घकालीन विकासमा भरोसा राख्दै पाण्डेलाई समर्थन गर्दै आएका छन् । पाण्डेले पर्सा-३ लाई कृषि, उद्योग, शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमार्फत आत्मनिर्भर बनाउने योजना अघि सारेका छन् । युवालाई विदेश पलायन हुन बाध्य बनाउने अवस्थाको अन्त्य गर्दै स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने तथा वीरगन्ज



केन्द्रित विकासलाई गाउँ-टोलसम्म विस्तार गर्ने प्रतिबद्धता उनले व्यक्त गरेका छन् । स्थानीय राजनीतिक विश्लेषकहरूको अनुसार, एमालेप्रति बढ्दो जनविश्वास, संगठित पार्टी संरचना र उम्मेदवारको निरन्तर सक्रियताले पर्सा-३ मा एमालेको राजनीतिक उपस्थितिलाई थप सशक्त बनाएको छ ।

## नयाँ इतिहास रच्दै पर्साकी आयुषा कापरी बिन्न् नेपालकै कान्छी महिला पाइलट



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१० माघ ।**

पर्सा जिल्लाकी आयुषा कापरीले नेपालको उड्डयन क्षेत्रमा नयाँ इतिहास रच्दै कान्छी महिला पाइलटको रूपमा आफ्नो स्थान स्थापित गरेकी छन् । परम्परागत रूपमा पुरुषप्रधान मानिने उड्डयन क्षेत्रमा उनको सफलता नेपाली महिलाको क्षमता, आत्मबल र सम्भावनाको सशक्त उदाहरण बनेको छ। वि.सं. २०६१ साल असार १५ गते बीरगन्जमा जन्मिएकी आयुषाले बाल्यकालदेखि नै पाइलट बन्ने सपना देखेकी थिइन् । त्यसै सपनालाई साकार पार्दै उनले संयुक्त राज्य अमेरिका (अमेरिका) बाट पाइलट अध्ययन पूरा गरेकी छन् । अमेरिकी उड्डयन प्रशिक्षणमा आधुनिक प्रविधि, कडा अनुशासन र उच्च सुरक्षा मापदण्डबीच उनी सफल भइन् । उड्डयन पेशा अत्यन्त जिम्मेवार, प्राविधिक र मानसिक रूपमा चुनौतीपूर्ण मानिन्छ । कम उमेरमै अन्तर ष्ट्रिय स्तरको प्रशिक्षण पूरा गरी दक्ष पाइलट बनेकी आयुषाको सफलता निरन्तर मेहनत, दृढ इच्छाशक्ति र अनुशासनको प्रतिफल हो । आयुषा सामान्य पारिवारिक पृष्ठभूमिबाट आएकी हुन् । उनका पिता विरेन्द्र कापरी नेपाल आयल निगममा बाउजर अपरेटर छन् ।

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा



Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## चुनावमा संवेदनशील बन

बुधबारबाट देशभर चुनावी माहोल बढेको छ । केही दिनअघिसम्म निर्वाचन होला कि नहोला भन्ने त्रास थियो, अहिले सो त्रास बदलिएको छ । अब देश निर्वाचनमय भइसकेको छ । देशैभर १६५ क्षेत्रमा मनोनयन दर्ता भएपछि निर्वाचन हुने पक्का भएको छ । अब उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि चुनाव प्रचार शुरु हुन्छ । प्रचारको लागि सबै दल तयार भएका छन् । निर्वाचनमा दल र स्वतन्त्र दुवै पक्षका उम्मेदवार चुनावी प्रचारमा जुटिसकेका छन् । विभिन्न आश्वासनको पोका बोकेर घर-घरमा पुग्न शुरु गरिसकेका छन् । यस अवस्थामा फागुन २१ गते हुने चुनावलाई सहज, स्वतन्त्र र निर्भय वातावरणमा हुने सुनिश्चित गर्नु राज्यको दायित्व हो । साथै, निर्वाचन आचारसंहितालगायत नियम र नैतिकताको पालन गर्नु सबै उम्मेदवार एवं तिनका सहयोगीको पनि कर्तव्य हो । आचारसंहिता पालना गराउन जिल्लास्थित निर्वाचन आयोग कार्यालयले व्यापकरुपमा मतदाता शिक्षा मतदाताहरुसम्म पुऱ्याउनुपर्छ ।

यो वर्ष निर्वाचनमा युवापुस्ताका ५८३ जना उम्मेदवार चुनावमा भिड्दै छन् । यसमा २५ देखि ३५ वर्ष भएका युवापुस्ता बढी नै छन् । केही त जेन्जी पुस्ताका युवा पनि निर्वाचनमा होमिएका छन् । ठूला र अधिकांश सबै पार्टीले नयाँ अनुहारलाई बढी प्राथमिकता दिएका छन् । तर पनि कतिपय राजनीतिका पुराना पात्र पनि छन् । कतिपयले पार्टीले टिकट नदिएको झोकमा बागी उम्मेदवारी दिएका छन् । आफ्नै पार्टीका कतिपयले बागीमा उम्मेदवारी दिएको कारण कटुता बढ्न सक्छ । त्यसलाई न्यूनीकरण गर्न सरकारले शान्ति सुरक्षालाई उच्च प्राथमिकता दिनुपर्छ । हुन त निर्वाचनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र निर्वाचन अवधिका लागि भर्ना लिएका निर्वाचन प्रहरीले शान्ति सुरक्षा कायम गर्लान् भन्ने आशा गर्न सकिन्छ । यता सूचना प्रविधिसँग जुध्न सरकारले ठूलै कसरत गर्नुपर्छ । तैपनि अहिले कृत्रिम बौद्धिकता (एआई) को प्रयोगबाट जाली सामग्री उत्पादन गरी प्रचारप्रसार हुने गरेको छ । सामाजिक सञ्जालको यस्तो फेक प्रयोग रोक्न सरकारले पहल गर्नुपर्छ । वास्तवमा निर्वाचनमा भौतिकभन्दा पनि सूचना प्रविधि प्रयोग गरेर गाली गर्नेमाथि निगरानी बढाउनुजरुरी छ । आचारसंहिता लागू भए/नभएको विषयमा विशेष अनुगमन गर्नुपर्छ । निगरानी बढाउनुपर्छ । आयोगले चर्चित नेता भिड्ने निर्वाचन क्षेत्रमा विशेष सुरक्षा सतर्कता अपनाउनुपर्छ । झापा-५, गोरखा-२, सर्लाही-४ लगायत क्षेत्रका 'हेभी वेट' भएका उम्मेदवारको सुरक्षाको चासो लिनुपर्छ । मनोनयन दर्ता भएकै दिन झापा-५ मा एमालेका उम्मेदवार केपी ओली र रास्वपाका उम्मेदवार बालेन्द्र साहका कार्यकर्ताबीच झडप भएको थियो । त्यस्ता झडप विभिन्न स्थानमा हुन सक्छन् । त्यसलाई नियन्त्रण गर्न सरकार लागिपर्नुपर्छ ।मतदानको दिन नजिकिँदै जाँदा यस्ता कटुता झन् बढ्न सक्छन् । सबैतिर चनाखो बढाउनुपर्छ । आयोगले अति संवेदनशील निर्वाचन क्षेत्रमा सुरक्षा सतर्कता अपनाउनुपर्छ । ती क्षेत्रमा कडा सुरक्षा व्यवस्था गर्नुपर्छ । सरकारले निर्वाचन आयोगलाई आवश्यक सहयोग दिन आलटाल गर्नुहुँदैन । उम्मेदवार वा तिनका सहयोगीको अनुचित तथा निर्वाचन आचारसंहिता विपरीतको आचरणमा उचित कानुनी कारबाही गर्न आयोग डराउनुहुँदैन । शान्तिपूर्ण र धाँधलीरहित निर्वाचन गराउन सबैको साथ र सहयोग अपरिहार्य हुन्छ । यस विषयमा सरकारले बेलैमा ध्यान देओस् ।

# सशस्त्र प्रहरी : संकटको सारथि



**पूर्ण साउद**

२०५२ फागुन २ गतेबाट तत्कालीन माओवादीले सशस्त्र संघर्ष थाल्यो । मुलुकको आन्तरिक सुरक्षामा गम्भीर समस्या उत्पन्न भए । अर्ध सैन्य प्रकृतिको सुरक्षा संगठनको महसुस गरियो । अनि, जन्मियो- सशस्त्र प्रहरी बल । हुन पनि, नेपाल प्रहरीको प्रकृति नै मूलतः आन्तरिक सुरक्षामा केन्द्रित हुन्छ । सैन्य प्रकृतिका संगठन देशको सार्वभौमसत्ता र सीमा सुरक्षामा केन्द्रित हुन्छन् । सशस्त्र प्रहरी बल यी दुवै संगठनभन्दा भिन्न जिम्मेवारी र कर्तव्य साथ गठन भएको हो । यसका लागि सरकारले सुझाव समिति पनि गठन गरेको थियो । उक्त समितिले देशको आवश्यकता र अन्तर्राष्ट्रिय परिवेशको अध्ययन गरेर अर्धसैन्य बलको आवश्यकता औंल्याएको थियो । राज्यको प्रथम कर्तव्य भनेकै जन र धनको सुरक्षा हो । उक्त कर्तव्य शासकीय शक्तिको अवशिष्ट अधिकार हो । अर्थात् राज्यबाहेक उक्त अधिकार अन्य कुनै पनि संघसंस्था वा व्यक्तिसँग हुँदैन । मुलुकको सुरक्षा अवस्थाका मूलतः दुई आयाम छन् । पहिलो, आन्तरिक, दोस्रो बाह्य सुरक्षा । प्रहरी बर्दीसहितको नागरिक प्रतिनिधि हो भने नागरिकबिना बर्दीको प्रहरी हो भन्ने भावनाको विकास गर्न जरुरी छ । नेपालको भू-अवस्थीति, आन्तरिक द्वन्द्व, अन्तर ार्ष्ट्रिय राजनीति, परराष्ट्र सम्बन्ध तथा नीति, महामारी, विश्व व्यापार, स्वास्थ्य, विज्ञान, प्रविधि, सञ्चार र विद्युतीय प्रविधिहरूले विकासले सुरक्षा क्षेत्रमा गम्भीर असर पारेको देखिन्छ । अर्कोतिर, विभिन्न देशबीचको समन्वय, सहकार्य र सामीप्यता वृद्धि भई विश्व नै एउटा ग्राममा परिणत भएको छ । अर्थात्, विश्वको कुनै एक देशमा हुने परि र्वतनले तत्कालै अन्य देशलाई समेत प्रभाव पार्ने र शान्ति सुरक्षामा समेत जटिलता सिर्जना हुने गरेको छ । सशस्त्र प्रहरी बलले स्थापनाको छोटै अवधिमा पनि मुलुकको शान्ति सुरक्षा, जनताको जीउधनको रक्षा, सार्वभौमसत्ता, अखण्डता र सीमा सुरक्षामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । सीमित स्रोतसाधनका बाबजुद पनि भौगोलिक कठिनाइ र कठ्यांग्रिँदो चिसोमा पनि देश र जनताका पक्षमा सशस्त्र प्रहरीले सीमा रक्षामा अहोरात्र खटिरहेको छ । देश र जनताको सेवामा समर्पित यो संगठनका संस्थापक महानिरीक्षक कृष्णमोहन श्रेष्ठसहित ३ सय १९ जनाले प्राणोउत्सर्ग गरिसकेका छन् । मुलुकको आन्तरिक द्वन्द्व निरूपणमा समेत सशस्त्र प्रहरी बलले गौरवशाली भूमिका निर्वाह गरेको छ । मुलुकको सुरक्षा क्षेत्रमा सशस्त्र प्रहरी बलको भूमिका स्वर्णिम अक्षरले अंकित छभन्दा अत्युक्ति नहोला । सशस्त्र द्वन्द्वकालमा मात्र होइन, संविधानसभाको पहिलो निर्वाचन सम्पन्न गर्न खेलेको भूमिका पनि उत्तिकै सराह्रनीय र ऐतिहासिक छ । विपत् व्यवस्थापन क्षेत्रमा त सशस्त्र प्रहरी बल अब्बलमात्र होइन, उदाहरणीय नै छ । २०७२ को विनाशकारी भूकम्प, २०७५ सालको विश्वव्याधि कोभिड-१९ को महामारी, २०८१ र २०८२ सालका प्राकृतिक प्रकोप, बाढीपहिरो तथा देशका विभिन्न समयमा भएका दुर्घटनामा सशस्त्र प्रहरी बलका गोताखोर र वीर सिपाहीहरूको भूमिकाले जनताको मनमनमा बस्न संगठन सफल भएको छ । सशस्त्र बलले सीमा सुरक्षा र राजस्व प्रवर्द्धनको लागि गरेको योगदानसमेत अतुलनीय छ । मुलुकको संविधानको भाग २८ मा राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था छ । धारा २६६ ले राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था, धारा २६७ ले नेपाली सेनासम्बन्धी व्यवस्था र धारा २६८ ले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान संगठनसम्बन्धी व्यवस्था गरेको छ । धारा २६८ को उपधारा (१) मा संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहने भनी उल्लेख गरेको छ । उपधारा २ मा प्रत्येक प्रदेशमा प्रहरी संगठन रहने उल्लेख छ । उपधारा (३) मा नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ भनी उल्लेख छ । उपधारा (४) मा नेपाल प्रहरी सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागसम्बन्धी अन्य व्यवस्था संघीय कानुनबमोजिम हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ । सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ६ ले सशस्त्र प्रहरीको सञ्चालनसम्बन्धी व्यवस्था गरेको छ । उपदफा (१) ले नेपाल सरकारले देहायबमोजिमका कार्य गर्ने प्रयोजका लागि सशस्त्र प्रहरी सञ्चालन गर्नेछ । यही दफाको उपदफा (२) मा सुरक्षा परिषद् र केन्द्रीय सुरक्षा समितिलाई सूचना जानकारी गराउनु पर्ने र उपदफा (३) ले सशस्त्र प्रहरी बलको परिचालन नेपाल सरकारको विशिष्ट श्रेणीको अधिकारीलाई आवश्यकताअनुसार प्रत्योजन गर्न सक्ने उल्लेख छ । संविधान, सशस्त्र प्रहरी ऐन २०५८ र मौजुदा नेपाली कानुन प्रणालीमा भएका व्यवस्थालाई मध्यनजर गर्दा सशस्त्र प्रहरी बलको परिचालनमा निम्न समस्या छन् :- क) कानुनी समस्या, ख) दोहोरोपन, ग) अस्वस्थकर प्रतिस्पर्धा, घ) जिम्मेवारीपनको अभाव, (ङ) समन्वय सहकार्य र एकतामा समस्याजस्ता समस्याहरू कार्य क्षेत्रमा देखिएका छन् । सशस्त्र प्रहरीले गर्ने कार्यहरूमा कानुनी जटिलता उनी उस्तै छन् । कार्य सम्पादनपश्चात्

बाँकी तेश्रो पृष्ठमा⇨

# परिवर्तनका लागि नयाँ मोड

**डा. रविन सुवेदी**

नेपालको सामाजिक, राजनीतिक र आर्थिक बहसमा पछिल्लो समय जेन–जी शब्द अत्यधिक चर्चामा छ । विशेषगरी भदौ २३ र २४ गतेपछि सामाजिक सञ्जालदेखि मूलधारका मिडियासम्म यो पुस्ताको चर्चा अझ तीव्र बनेको हो । उक्त घटनापछि जेन–जी युवामा एक किसिमको आत्मविश्वास बढेको मात्र नभई खुलेर आफ्ना विचार व्यक्त गर्ने साहस आएको र आफूलाई परिवर्तनको निर्णायक शक्तिका रूपमा हेर्न थालेको अनुभूति महसुस हुन्छ । तर यो आत्मविश्वास के नेपालको अर्थ व्यवस्थाका लागि अवसर हो ? वा व्यवस्थापन गर्न नसके चुनौती बन्न सक्छ ? अहिलेको युवा पुस्ता जागिर खोज्नेभन्दा पनि अवसर सिर्जना गर्ने दिशामा बढी आकर्षित छ । जेन–जी सन् १९९७ देखि २०१२ को बीचमा जन्मिएका युवा हुन् । नेपालमा यो पुस्ताले कुल जनसंख्याको करिब ३४-३६ प्रतिशत हिस्सा ओगटेको छ । संख्यात्मक हिसाबले मात्रै होइन, सोच, व्यवहार र प्रविधिसँगको सम्बन्धका कारण पनि यो पुस्ता अघिल्ला पुस्ताभन्दा फरक देखिन्छ । इन्टरनेट, स्मार्टफोन र सामाजिक सञ्जालसँगै हुर्किएको जेन–जी सूचनामा छिटो पहुँच राख्छ, विश्वव्यापी ट्रेन्ड बुझ्छ । अनि, परम्परागत संरचनामाथि प्रश्न उठाउन हिच्किचाउँदैन । यही कारण यो पुस्ता मौन बस्नुभन्दा आवाज उठाउन रुचाउने देखिन्छ । भदौ २३ र २४ पछि बढेको आत्मविश्वास र त्यसपछिका घटनाक्रमले जेन–जी युवाको मनोविज्ञानमा स्पष्ट परिवर्तन देखिएको छ । सामाजिक सञ्जालमा आफ्ना धारणा खुलस्त राख्ने, नीति निर्माता र सत्तासँग प्रश्न गर्ने, अन्यायविरुद्ध आवाज उठाउने प्रवृत्ति तीव्र बन्यो । यसलाई कतिपयले आवेगको रूपमा लिए भने कतिपयले चेतनाको जागरणको रूपमा पनि अर्थ्याए । यो वर्षौंसम्म बेरोजगारी, अवसरको अभाव, योग्यताअनुसार काम नपाउने पीडा, विदेश जान बाध्य हुनुको निराशाबाट सिर्जित दबाबको अभिव्यक्ति हो भन्ने विश्लेषकहरूको भनाइ छ । विश्व बैंकका अनुसार नेपालमा १५-२९ उमेरसमूहको बेरोजगारी दर २० प्रतिशतभन्दा बढी छ । धेरै युवा शिक्षित भएर पनि अर्ध-बेरोजगार अवस्थामा छन् । यही वर्ग मुख्यतः जेन–जी हो । उचित नीति, अवसर र अनुकूल वातावरणको अभावमा जेन–जीको यो सम्भावना हालसम्म पूर्णरूपमा उपयोग हुन सकेको छैन । त्यसैले अबको आवश्यकता भनेको जेन–जीलाई योजनाबद्ध ढंगले राष्ट्रिय अर्थतन्त्रसँग जोड्ने स्पष्ट रणनीति निर्माण गर्नु हो ।

नेपालको श्रम बजारमा काम गर्न योग्य मानिस ४ देखि ५ लाख बजारमा आउँछन् । तर तिनको आधाले पनि काम पाउँदैनन् । यसैगरी, हरेक वर्ष ६ देखि ७ लाख युवा अध्ययन र वैदेशिक रोजगारीका लागि बिदेसिन्छन् । तीमध्ये ठूलो हिस्सा जेन–जी उमेरसमूहकै छ । आजको पुस्ता, विशेषगरी जेन–जी, परम्परागत सोचभन्दा फरक दृष्टिकोण बोकेर अघि बढिरहेको छ । उनीहरूका लागि सफलता केवल सरकारी जागिरमा सीमित छैन । विगतमा सरकारी सेवा वा स्थायी जागिरलाई जीवनको प्रमुख उपलब्धि मान्ने प्रवृत्ति बलियो थियो । तर अहिलेको युवा पुस्ता जागिर खोज्नेभन्दा पनि अवसर सिर्जना गर्ने दिशामा बढी आकर्षित छ । उनीहरूको रुचि स्टार्टअप, अनलाइन व्यवसाय, टेक-आधारित सेवा र सामाजिक उद्यमतिर तीव्र गतिमा बढ्दै गएको छ । यसले उनीहरूलाई सिर्जनशीलता, स्वतन्त्रता, र नवप्रवर्तनको बाटोमा अघि बढ्न प्रेरित गरेको छ । तर, पुँजीको अभावले धेरै युवालाई आफ्ना विचार व्यवहारमा उतार्न कठिन छ । लगानीकर्ताको पहुँच सीमित हुनु, बैंक तथा वित्तीय संस्थाबाट सजिलै ऋण नपाउनु वा प्रारम्भिक चरणमा आर्थिक सहयोग नपाउनु उनीहरूको प्रमुख अवरोध हो । यस्तै, स्टार्टअपमैत्री नीति र संरचनाको कमीले पनि युवा निराश छन् । सरकारी तहमा उद्यमशीलता प्रोत्साहन गर्ने स्पष्ट रणनीति वा दीर्घकालीन योजना नहुनु, कानुनी जटिलता र व्यावसायिक वातावरण अझै जटिल रहनु उनीहरूको उत्साहलाई कमजोर पार्ने कारक बनेको छ । अर्कोतर्फ, नेपालको शिक्षा प्रणाली अझै पनि प्रमाणपत्र केन्द्रित छ, तर श्रम बजारले माग गर्ने सीपसँग मेल खाने संरचना पर्याप्त छैनन् । यसले विशेषगरी जेन–जी पुस्तालाई ठूलो चुनौती दिएको छ । उनीहरू उच्च शिक्षा प्राप्त गरेर स्नातक भए पनि व्यावहारिक सीप र व्यावसायिक दक्षताको कमीले रोजगारीमा प्रवेश गर्दा कठिनाइ अनुभव गर्छन् । आजको प्रतिस्पर्धी संसारमा सीप, दक्षता र व्यावहारिक ज्ञान नै रोजगारीको मुख्य आधार बनेको छ । त्यसैले शिक्षा प्रणालीलाई पुनर्संरचना गरेर सीपमूलक तालिमलाई प्राथमिकता दिनु अपरिहार्य छ । उद्योग-शिक्षा सहकार्यलाई मजबुत बनाउन जरुरी छ । शैक्षिक संस्थाले उद्योगसँग सहकार्य गरेर विद्यार्थीलाई वास्तविक कार्यस्थलको अनुभव दिलाउन सके, उनीहरू श्रम बजारमा सजिलै प्रतिस्पर्धा गर्न सक्षम हुन्छन् । इन्टर्नसिप र तालिम कार्यक्रम अनिवार्य बनाए विद्यार्थीले डिग्रीसँगै व्यावहारिक सीप पनि हासिल गर्नेछन् । जेन–जीको उद्यमशील यात्रा सहज बनाउन पुँजी पहुँच, नीतिगत सुधार र सामाजिक मानसिकता परिवर्तन गर्नु अपरिहार्य छ । यदि वातावरण बन्यो भने उनीहरूले सिर्जना गर्ने व्यवसाय, सामाजिक उद्यम र नवप्रवर्तनले देशको आर्थिक विकासमा मात्र नभई सामाजिक रूपान्तरणमा पनि महवपूर्ण योगदान पुऱ्याउनेछ । नेपालको अर्थतन्त्र मजबुत बनाउन अब जेन–जी पुस्ता केवल भविष्यको आशामात्र नभई वर्तमानको शक्ति बनेर अगाडि बढिरहेको छ । जेन–जी पुस्ता प्राविधिक सीप, नवप्रवर्तन र उद्यमशील सोचमा सक्षम छ । उनीहरूले डिजिटल प्लेटफर्म, ई-

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ग्रीनल्याण्ड विवादले अमेरिका-युरोप सम्बन्धमा तनाव

*काठमाडौं, १० माघ ।*



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विगत केही दिनमा गरेका निर्णयहरूले विश्वभरका देशहरूमा असमन्जसता र चिन्ता बढाएका छन् । ट्रम्पले केही समय अघि स्विट्जरल्याण्डमा कर लगाउने धम्की दिएका थिए, तर पछि यसलाई फिर्ता लिए । यसले नाटो जस्ता अमेरिकी मित्र राष्ट्रसँगको सम्बन्धमा अस्थिरता ल्याउने खतरा बढाएको छ । विशेषज्ञहरूले ट्रम्पका निर्णयमा व्यक्तिगत मनोभाव, आफ्ना मनपर्ने वा नमनपर्ने नेताप्रति प्रतिक्रिया, ठूलो भूमिका खेल्ने भनेका छन् । **ट्रम्पको शासन शैली** ट्रम्पको शासन शैली 'म मात्र यो समस्या समाधान गर्न सक्छु' भन्ने दृष्टिकोणमा आधारित छ । आफ्नो दोस्रो कार्यकालमा उनले यो दृष्टिकोण अझ खुला र आत्मविश्वासी ढङ्गले देखाए । उनका नजिकका सल्लाहकारहरूका अनुसार, ट्रम्प निरन्तर 'अत्यधिक रणनीति' अपनाएर अघि बढिरहन चाहन्छन् । **विश्वका नेताहरूको प्रतिक्रिया** क्यानाडाका प्रधानमन्त्री कार्नीले भने, "मध्य शक्ति राष्ट्रहरूले सँगै काम गर्नुपर्छ ।" अर्थात्, अमेरिका बाहेकका देशहरूले आफ्नै साझा रणनीति बनाउन थालेका छन् । बेलायतका प्रधानमन्त्री केयर स्टार्मरले पनि ट्रम्पका टिप्पणीहरू असभ्य र आपत्तिजनक भने । विशेषज्ञहरूले ट्रम्पको व्यवहारले अमेरिकाको विश्वव्यापी प्रतिष्ठामा दीर्घकालीन असर पार्न सक्ने चेतावनी दिएका छन् । चीनले अमेरिकाको अस्थिर व्यवहारको अवसर लिएर आफ्नो प्रभाव बढाउन सक्छ । ट्रम्पका निर्णयहरूले अमेरिकी विदेश नीति अब पुरानै नियम र समझदारीमा आधारित नभएको देखाएको छ । व्यक्तिगत भावना र अस्थिर निर्णयहरूले साथी राष्ट्रसँग असमन्जसता सिर्जना गर्न सक्छ र प्रतिस्पर्धी राष्ट्रको अवसर बढाउन सक्छ ।

## "क्यानाडा गाजाको शान्ति प्रयासमा सक्रिय रहनेछ"



*काठमाडौं, १० माघ ।*

क्यानाडाका अर्थ मन्त्री फ्रान्स्वा-फिलिप च्याम्पेनले अमेरिकी प्रशासनका केही टिप्पणीहरूलाई खण्डन गरेका छन् । उनले अफगानिस्तान युद्धमा नाटो सैनिकहरूको भूमिका सानो देखाउने अमेरिकी दाबी अस्वीकार गरेका हुन् । च्याम्पेनले केबेकमा पत्रकार सम्मेलन गर्दै भने, 'अफगानिस्तान युद्धमा सैनिकहरूले गरेको बलिदान हामी सबैलाई थाहा छ । अरू कसैको टिप्पणीको आवश्यकता छैन । हाम्रो सेनाले जे गरे, त्यसको मूल्य विश्वलाई थाहा छ ।' उनको यस अभिव्यक्तिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गरेका टिप्पणीहरूको प्रतिवाद स्वरूप आएको हो । ट्रम्पले अघिल्लो समय नाटो सैनिकहरू फ्रन्टलाइनमा कम लडेको भन्ने सुझाव दिएका थिए । साथै, अमेरिकी कोषाध्यक्ष स्कट बेस्सेन्टले टेलिभिजन अन्तर्वार्तामा क्यानाडाको अल्बर्टा प्रान्तले प्रशान्त महासागरतर्फ पाइपलाइन बनाउने अनुमति नदिने टिप्पणी गरेका थिए । यसबारे च्याम्पेनले भने,'धन्यवाद, तर हामी हाम्रो तरिकाले काम गर्नेछौं । हामी अल्बर्टाका जनतासँग र क्यानाडाका नागरिकसँग मिलेर स्रोतहरू विकास गर्न सक्षम छौं ।'

च्याम्पेनले यसबारे क्यानाडाले गाजा क्षेत्रमा अमेरिकी नेतृत्वको शान्ति बोर्डमा फिर्ता भएको निमन्त्रणा भए पनि क्षेत्रीय शान्तिमा महत्वपूर्ण भूमिका खेलिरहने र दुई राष्ट्र समाधानका लागि प्रयास जारी राख्ने बताए। यसले क्यानाडा आफ्नो सैन्य र आर्थिक स्वतन्त्रता कायम राख्न चाहन्छ र अन्तर्राष्ट्रिय मुद्दामा आफ्नै दृष्टिकोण अनुसार निर्णय गर्न तत्पर रहेको देखाएको छ ।

## पाकिस्तानी राष्ट्रपतिद्वारा युवा सशक्तिकरणका लागि शिक्षालाई प्राथमिकता दिन आह्वान



*काठमाडौं, १० माघ ।*

पाकिस्तानका राष्ट्रपति आसिफ अली जर्दारीले समृद्ध पाकिस्तान निर्माणका लागि युवाहरूलाई सशक्त बनाउन शिक्षालाई राष्ट्रिय प्राथमिकताका रूपमा लिन आह्वान गरेका छन् । अन्तर्राष्ट्रिय शिक्षा दिवसको अवसरमा शनिबार उनले सो आह्वान गरेका हुन् । पाकिस्तानको भविष्य युवाहरूसँग जोडिएको उल्लेख गर्दै उनले समृद्ध सांस्कृतिक सम्पदा र ठूलो युवा जनसङ्ख्या भएको राष्ट्रका नाताले पाकिस्तानले शिक्षालाई प्राथमिकतामा राख्नुपर्ने बताए । उनले शिक्षाले युवाहरूमा जिज्ञासा, क्षमता र चरित्रको पोषण गर्ने कुरा सुनिश्चित गर्नुपर्ने समेत बताए । सरकारको प्रयासलाई प्रस्ट पार्दै जर्दारीले उच्च शिक्षामा विस्तारित पहुँच, योग्यतामा आधारित विद्यार्थी सहयोग र प्रविधिमा सुधारिएको पहुँच जस्ता उपायहरूले युवाहरूलाई अर्थव्यवस्थामा अर्थपूर्ण रूपमा संलग्न हुन मद्दत गरिरहेको बताए । निःशुल्क र अनिवार्य शिक्षाको संवैधानिक ग्यारेन्टीले युवाहरूको मौलिक अधिकारप्रति साझा प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने उनले बताए । द्रुत रूपमा परिवर्तन भइरहेको संसारमा शिक्षाले शैक्षिक उत्कृष्टतालाई व्यावहारिक सीप, डिजिटल साक्षरता र विविधताका मार्ग निर्देश गर्ने उनको भनाइ छ । उनले शैक्षिक पहलहरूले युवाहरूलाई उदीयमान प्रविधिहरूका लागि तयार पारिरहेको उल्लेख गर्दै शिक्षाले रोजगारी, उद्यमशीलता र विश्वव्यापी संलग्नताका लागि मार्गहरू तय गर्ने कुरामा जोड दिनुपर्ने बताए ।

नेपाल पोष्ट डेली
ई -पेपरका
लागि स्क्यान गर्नुहोस्

### सशस्त्र प्रहरी............

गरिने प्रतिवेदन र जाहेरीबारे कानुनी अभावमा जिम्मेवारी स्पष्ट नहुँदा कार्य सम्पादन प्रभावित भएको देखिन्छ । सीमा सुरक्षा, भिड नियन्त्रण, कारागार सुरक्षा, संस्थाको सुरक्षा र विशिष्ट व्यक्तिको सुरक्षा आदिमा कतै दोहोरोपन र कतै खालिपन देखिन्छ । कार्य सम्पादनलाई प्रभावकारी बनाउन स्पष्ट कानुनी व्यवस्थाको अभाव देखिन्छ । संवैधानिक र कानुनी व्यवस्थाले मात्र कार्य सम्पादन गर्न र प्रभावकारी बनाउन सकिने हुँदा सुरक्षा क्षेत्रलाई समन्वय सहकार्य र एकताबद्ध पार्न पनि स्पष्ट ऐन नियम र कार्यविधि समयमा नै बनाउनुपर्ने जरुरी छ ।उत्पादनसमेत घटेको देखिन्छ । माथि उल्लेखित विविध कारणहरूले देशको परम्परागत सुरक्षा प्रणालीमा गम्भीर खतरा उत्पन्न गरेको छ । जेन–जी विद्रोहपश्चात् सुरक्षा क्षेत्रमा गम्भीर चुनौती देखा परेका छन् । साभार अन्नपूर्ण पोस्ट ।

### परिवर्तनका लागि......

कमर्स र स्टार्टअप संस्कृति अगाडि बढाएर नेपाललाई ज्ञानमा आधारित अर्थतन्त्रतर्फ धकेल्न सक्छन् । डिजिटल प्रविधिसँग सहज रूपमा घुलमिल हुन सक्ने, नयाँ सोच र जोखिम लिन तयार यो पुस्ताले देशको अर्थतन्त्र नयाँ दिशामा लैजान सक्ने क्षमता राख्छ । तथापि, उचित नीति, अवसर र अनुकूल वातावरणको अभावमा जेन–जीको यो सम्भावना हालसम्म पूर्णरूपमा उपयोग हुन सकेको छैन । त्यसैले अबको आवश्यकता भनेको जेन–जीलाई योजनाबद्ध ढंगले राष्ट्रिय अर्थतन्त्रसँग जोड्ने स्पष्ट रणनीति निर्माण गर्नु हो साभार अन्नपूर्ण पोस्ट।

### बारा-पर्सामा रास्व.......

लड्ने तयारी गरिरहेका एक नेतालाई क्षेत्र नम्बर-३ मा सारिएको छ भने क्षेत्र नम्बर-३ र ४ का उम्मेदवारको दक्षिणी क्षेत्रका मतदातासँग सामान्य चिनजानसमेत नरहेको बताइएको छ । उता नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी तथा जसपा नेपाललगायत दलहरूले बारामा अनुभवी, चर्चित राजनीतिज्ञ तथा समाजसेवीहरूलाई उम्मेदवार बनाएका छन् ।

केही स्थानमा ती दलहरूले यसपटक नयाँ अनुहार तथा जेन-जी पुस्ताका युवाहरूलाई समेत उम्मेदवार बनाएको देखिन्छ । तर रास्वपाका बारा र पर्सा जिल्ला नेतृत्वले भने पार्टीले सुझबुझका साथ उम्मेदवार चयन गरेको दाबी गरेका छन् । उनीहरूका अनुसार सबै निर्वाचन क्षेत्रमा रास्वपाका उम्मेदवार र अन्य दलका उम्मेदवारबीच कडा प्रतिस्पर्धा हुने अवस्था रहेको छ ।बाराका एक मतदाताका अनुसार जिल्लाका हरेक निर्वाचन क्षेत्रमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टीबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ ।

### करोडौं रकम..............

चुनाव लडेका भए नेपाली कांग्रेसकै मतबाट सहजै जित हासिल गर्न सक्ने अवस्था थियो ।पर्सा क्षेत्र नम्बर-२ मा कांग्रेसका अजयकुमार चौरसिया, नेकपा एमालेकी रिमा यादव, राप्रपाकी विना जेसवाल, नेपाली कम्युनिष्ट पार्टीका मनोज चौधरी, जसपा नेपालका अशोक टेमानीलगायत उम्मेदवारहरूलाई जितका प्रमुख दावेदारका रूपमा हेरिएको छ ।

बाहिर फैलिएका हल्लाहरूको खण्डन गर्दै नेता तेलीले सामाजिक सञ्जालमा कसैसँग पनि पैसा, पद वा दबाबमा परेर कुनै गोप्य सहमति नगरेको दाबी गरेका छन् ।

### नयाँ इतिहास..............

सीमित स्रोतका बाबजुद परिवारको साथ र प्रेरणाले उनको लक्ष्यतर्फको यात्रा सहज भएको थियो । त्यसैगरी मामा उमेश धिमालको मार्गदर्शनले पनि उनलाई उड्डयन पेशामा सक्षम बनाउन मद्दत गरेको आयुषाले बताइन् ।नेपालजस्ता भौगोलिक रूपमा चुनौतीपूर्ण मुलुकमा दक्ष र जिम्मेवार पाइलटको आवश्यकता निरन्तर बढ्दो छ । पर्सा जिल्लाकी कान्छी पाइलट आयुषा कापरीको सफलता महिला सहभागिता विस्तार र नयाँ पुस्तालाई प्रेरित गर्ने दृष्टिले महत्वपूर्ण मानिन्छ । आयुषाले केवल विमान उडाएकी मात्र छैनन्, उनले देशभरका युवतीहरूका सपना र आत्मविश्वासलाई पनि उडान दिन प्रेरित गरेकी छन् । उनको जीवन यात्रा संघर्ष, परिवारको साथ र आफन्तको सहयोगले असम्भव देखिने सपना पनि पूरा गर्न सकिन्छ भन्ने सशक्त उदाहरण बनेको छ ।

# स्वास्थ्य

## गर्भावस्थामा उच्च रक्तचापको समस्या भए के गर्ने ?



गर्भावस्थाको समयमा उच्च रक्तचापको सम्भावना अन्य महिलाहरूको तुलनामा पहिले नै उच्च रक्तचापको समस्या भएका महिलाहरूमा बढी हुन्छ । तर, गर्भावस्थाकै कारण पनि उच्च रक्तचापको समस्या देखा पर्छ । गर्भावस्थामा देखापर्ने उच्च रक्तचापका कारणहरू मध्ये 'प्रेग्नेन्सी इन्ड्युस्ड हाइपरटेन्सन' हो । गर्भावस्थाकै कारणले १० प्रतिशत गर्भवती महिलामा उच्च रक्तचापको समस्या देखा पर्छ । गर्भावस्थामा शरीरमा रक्तचाप बढाउने रसायन निस्कन्छ, जसले गर्दा रक्तचाप बढ्छ । गर्भावस्थाकै कारण देखा पर्ने उच्च रक्तचापको समस्या सुत्केरी भएको १२ हप्ता भित्र यो समस्या हराएर जान्छ । **गर्भावस्थामा उच्च रक्तचापको समस्या हुने अन्य कारण** अन्य बेला उच्च रक्तचाप भइरहेका महिलाहरूमा गर्भावस्थामा रक्तचाप झन बढ्ने गर्छ । गर्भावस्था अगावै उच्च रक्तचापको समस्या भएको अवस्थालाई मेडिकल भाषामा 'क्रोनिक हाइपरटेन्सन ९जीर्ण प्रकारको उच्च रक्तचाप०' भन्ने गरिन्छ । साथै गर्भवती महिलामा मोटोपनाको समस्या छ, मधुमेहको समस्या छ भने पनि उनीहरूमा उच्च रक्तचापको समस्या देखिने सम्भावना बढी हुन्छ । ढिलो उमेरमा विवाह गर्ने र ढिलो उमेरमा बच्चा जन्माउने, दैनिक शारीरिक व्यायाम नगर्ने, खानपानमा ध्यान नदिने, नुन र काब्रोहाइट्रेडयुक्त खानेकुरा बढी खाने महिलाहरूमा पनि गर्भावस्थामा उच्च रक्तचाप हुने जोखिम बढी हुन्छ । कतिपय महिलामा वंशाणुगत कारण साथै रक्तनली तथा मिर्गौला सम्बन्धी रोगहरू भएकाहरूमा पनि उच्च रक्तचाप हुने सम्भावना हुन्छ ।

**उच्च रक्तचापको समस्याले गर्भवती महिला र बच्चा दुवैलाई असर गर्छ**

गर्भावस्थामा हुने उच्च रक्तचापको असर आमा तथा बच्चा दुवैमा पर्ने गर्छ । रक्तचापले प्रत्यक्ष रूपमा रक्तनलीमा असर गर्ने भएकाले शिशुले आमाको गर्भभित्र आवश्यक मात्रामा पोषकतत्वहरू पाउन सक्दैन । जसले गर्दा शिशुको वृद्धि तथा विकास आवश्यक मात्रामा हुन सक्दैन । रगतको नलीहरूमा चाप बढेपछि सालको माध्यमबाट शिशुमा जाने रगत प्रवाहलाई असर गर्दछ । शिशुलाई रगतको मात्रा राम्रोसँग नपुग्ने, शिशुलाई आवश्यक पर्ने पोषण तत्त्व नपुग्ने, शिशु कम तौलको निस्किने हुन्छ । विश्वभरको तथ्यांक केलाउने हो भने पनि अस्पताल आउने गर्भवती महिलाहरूका धेरै समस्या मध्ये र मृत्यु हुने कारण उच्च रक्तचाप हो । रक्तचाप नियन्त्रणमा भएन भने आमाहरूमा मस्तिष्काघात, हृदयाघात, मुटु फेल हुने, मिर्गौला फेल हुने समेत हुन सक्छ । **गर्भावस्थामा उच्च रक्तचाप भए के गर्ने ?** 'प्रेग्नेन्सी इन्ड्युस्ड हाइपरटेन्सन' भएको हो भने सुत्केरी भएको ३ देखी ४ हप्ताबाट नै प्रेसर नर्मल हुँदै जान्छ । अधिकतरले प्रेसरको औषधि खानु पर्दैन । तर, डेलिभरी भएको १२ हप्ता बित्दा पनि रक्तचाप घटेन । पटक पटकको परीक्षणमा गर्भवतीको रक्तचाप माथि १४० र तल ९० भन्दा बढी भएको अवस्थामा त्यो 'क्रोनिक हाइपरटेन्सन' हो । पटक पटकको परीक्षणमा पनि जीर्ण प्रकारको उच्च रक्तचाप देखिएको अवस्थामा गर्भमा रहेको शिशुलाई असर नगर्ने खालको औषधिको प्रयोग गरिन्छ ।

निर्धारित मापदण्दको पाल्ना गरौं, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

# सप्तरी-३ मा उपेन्द्र यादवको चुनावी परीक्षा



**जनकपुर,१० माघ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवका लागि आगामी प्रतिनिधिसभा निर्वाचन सप्तरी क्षेत्र नम्बर-३ मा कडा परीक्षा बन्ने देखिएको छ । क्षेत्र परिवर्तन गर्दै आएका यादवले यसपटक तुलनात्मक रूपमा सुरक्षित क्षेत्र खोज्दै सप्तरी-३ बाट उम्मेदवारी दर्ता गराएका छन् र चुनावी प्रचारसमेत तीव्र बनाएका छन् । २०७४ को निर्वाचनमा सप्तरी-२ बाट विजयी भएका यादव २०७९ मा सोही क्षेत्रबाट पराजित भएका थिए । त्यसपछि बारा-२ को उपनिर्वाचन जितेर संसद् पुगेका उनी यसपटक पुनः सप्तरी फर्किएका हुन् । यद्यपि, सप्तरी-३ मा जसपा नेपालको संगठन सप्तरी-२ को तुलनामा कमजोर मानिन्छ, जसले यादवका लागि चुनौती थपेको छ ।

यसअघि सप्तरी-२ बाटै चुनाव लड्ने तयारीमा रहेका यादव जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसँग सहमति नजुटेपछि सप्तरी-३ सरेका हुन् । यहाँ यसपटक आठजना स्वतन्त्रसहित २२ जना उम्मेदवार चुनावी मैदानमा छन् । यादवका प्रमुख प्रतिस्पर्धीका रूपमा एमालेबाट ताराकान्त चौधरी, नेपाली कांग्रेसबाट निवर्तमान सांसद दिनेशकुमार यादव र राष्ट्रिय स्वतन्त्र पार्टीबाट अमरकान्त चौधरी मैदानमा छन् ।

गत निर्वाचनमा यही क्षेत्रबाट कांग्रेसका दिनेशकुमार यादव विजयी भएका थिए भने एमालेका ताराकान्त चौधरी दोस्रो भएका थिए । त्यतिबेला जसपा नेपालले एमाले उम्मेदवारलाई साथ दिएको थियो । रास्वपाका अमरकान्त चौधरी दिवंगत नेता चन्द्रकान्त चौधरीका छोरा हुन् । चन्द्रकान्त चौधरी २०७४ मा यही क्षेत्रबाट निर्वाचित भएका थिए । उनको हालैको निधनपछि अमरकान्तलाई सहानुभूति मत प्राप्त हुनसक्ने स्थानीयको अनुमान छ, जसले उपेन्द्र यादवलाई थप दबाबमा पार्न सक्छ । स्थानीयहरूका अनुसार यस क्षेत्रमा यादव र थारु समुदायको जनसंख्या प्रभावशाली छ । यही जातीय समीकरणका कारण पनि उपेन्द्र यादव र अमरकान्त चौधरीबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ । सप्तरी-३ अन्तर्गत पाँच पालिका पर्दछन् । तीमध्ये जसपा नेपाल र लोसपा (हाल एकीकृत) ले दुई, एमालेले दुई र नेकपा एस (हाल नेकपा) ले एक पालिका जितेका छन् । स्थानीय तहको यही शक्ति सन्तुलनले पनि चुनावी नतिजा रोचक बन्ने संकेत गरेको छ । बहुपक्षीय प्रतिस्पर्धा, जातीय समीकरण र सहानुभूति मतका कारण सप्तरी-३ मा उपेन्द्र यादवको यो निर्वाचन राजनीतिक भविष्यका लागि निर्णायक बन्ने देखिन्छ ।

# सप्तरीमा चार वटै निर्वाचन क्षेत्रमा रोचक चुनावी भिडन्त, राष्ट्रिय अध्यक्षहरुको प्रत्यक्ष प्रतिस्पर्धा



**जनकपुर,१० माघ ।**

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनको तयारीमा सप्तरी जिल्लामा चुनावी सरगर्मी बढेको छ। यसपटक सप्तरीका चारवटै निर्वाचन क्षेत्रमा विभिन्न दलका नयाँ र पुराना नेता, साथै राष्ट्रिय अध्यक्षहरूको प्रत्यक्ष प्रतिस्पर्धा देखिन थालेको छ ।क्षेत्र नम्बर २ बाट जनमत पार्टीका अध्यक्ष डा. सिके राउत र जनअधिकार पार्टीका अध्यक्ष डा. शरतसिंह यादव, र क्षेत्र नम्बर ३ बाट जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव उम्मेदवार बनेका छन् । यसअघि २०७९ को निर्वाचनमा सप्तरी २ बाट उपेन्द्र यादव डा । राउतसँग पराजित भएका थिए । यस पटक उनी दुवै फरक क्षेत्रबाट चुनाव लडेका हुनाले मधेशको राजनीतिमा नयाँ गतिशीलता देखिएको छ ।

सप्तरी १ मा नयाँ र पुराना दलबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । यस क्षेत्रमा स्वभिमान पार्टीका ई । सुमित साह, जनमत पार्टीका डा । जयकान्त राउत, नेपाली कांग्रेसका रामदेव साह, एमालेका सुमनराज प्याकुरेल र रास्वपाकी पुष्पा चौधरी मुख्य उम्मेदवारको रूपमा छन् ।

सप्तरी २ मा डा. राउत, शरतसिंह यादव, जसपा नेपालका उमेश प्रसाद यादव, रास्वपाका रामजी यादव, नेपाली कांग्रेसका रामकुमार यादव लगायत प्रतिस्पर्धामा छन् । स्थानीय विश्लेषक अवधेशकुमार सिंहका अनुसार यस क्षेत्रमा डा । राउत बलियो भए पनि जित सहज छैन । क्षेत्र ३ मा एमालेबाट ताराकान्त चौधरी र उनका भतिजा अमरकान्त चौधरी, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, कांग्रेसका दिनेश यादव र अन्य दलका उम्मेदवार प्रतिस्पर्धामा छन् ।

काका-भतिजाको आमने-सामने भिडन्तले चुनावलाई रोचक बनाएको छ । क्षेत्र ४ मा तीन पटकका विजेता कांग्रेसका पूर्वमन्त्री तेजुलाल चौधरी पुनः उम्मेदवार बनेका छन् । यहाँ जसपा नेपालकी डा । बबी सिंह यादव, एमालेबाट बालकृष्ण चौधरी, नेकपाबाट रुवी कर्ण र रास्वपाबाट सिताराम साह प्रतिस्पर्धा गर्दै छन् । यसरी सप्तरीका चार वटै निर्वाचन क्षेत्रमा नयाँ, पुराना, महिला र राष्ट्रिय अध्यक्षस्तरीय उम्मेदवारबीचको भिडन्तले मतदातामा उत्सुकता र रोमाञ्च थपिरहेको छ ।

# चुनावमा पैसाको चलखेल रोक्न सके नेकपा पहिलो शक्ति बन्न सक्छ: प्रचण्ड



**काठमाडौं,१० माघ ।**

काभ्रेपलान्चोकसहित विभिन्न जिल्लाका ५२ जना युवा नेता क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायतका दल छोडेर नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मा प्रवेश गरेका छन् । काभ्रेपलान्चोक-१ का प्रतिनिधि सभा उम्मेदवार सूर्य मान तामाङ 'दोङ'को पहलमा उनीहरू आज पार्टीमा प्रवेश गरेका हुन् ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित स्वागत कार्यक्रममा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नवप्रवेशी युवाहरूलाई खादा र माला लगाएर स्वागत गरे । प्रचण्डले पार्टी बलियो बनाउन र देशलाई वर्तमान सङ्कटबाट मुक्त गराउन नेकपा राष्ट्रिय शक्तिको रूपमा अघि बढ्नुपर्ने आवश्यकता औँल्याए । उनले भने, "चुनावका क्रममा हुने आर्थिक र अन्य प्रकारका चलखेल रोक्न सकिए आगामी निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टी पहिलो शक्ति बन्न सक्छ । निर्वाचन स्वच्छ र निष्पक्ष भएमा यो सम्भावना प्रबल छ ।"

प्रचण्डले जनवादी क्रान्तिपछि अब समाजवादी क्रान्ति र राष्ट्र तथा जनताको हित सुनिश्चित गर्न सबै एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले पार्टी बलियो बनाएर मात्र राष्ट्रिय हित सुरक्षित गर्न सकिने पनि बताए । पछिल्लो समय क्रान्तिकारी कम्युनिस्टसहित एमाले लगायत विभिन्न वामपन्थी दलबाट नेकपामा प्रवेश गर्ने क्रम तीव्र भएको छ ।

# वीरगन्जमा रेल संग्रहालय निर्माणको तयारी, संयुक्त सरसफाइ अभियान सम्पन्न




**बीरगन्ज,१० माघ ।**

बीपी उद्यान नजिक उत्तरतर्फ रहेको खाली जग्गामा निर्माण हुन लागेको रेल संग्रहालयको तयारी स्वरूप वीरगन्जमा संयुक्त सरसफाइ अभियान सम्पन्न भएको छ । प्रस्तावित संग्रहालय निर्माण हुने स्थानलाई स्वच्छ र व्यवस्थित बनाउन कार्यक्रम आयोजना गरिएको हो । वीरगन्ज महानगरपालिका, ग्रीन सिटी प्रहरी सामुदायिक केन्द्र, सशस्त्र प्रहरी बल र नेपाल आर्मीको संयुक्त पहलमा उक्त सरसफाइ अभियान सञ्चालन गरिएको थियो । कार्यक्रममा विभिन्न निकायका प्रतिनिधि र सुरक्षाकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो । सरसफाइ कार्यक्रममा वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह, जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख भोला दाहाल, जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख सुदिपराज पाठक, ग्रीन सिटी प्रहरी सामुदायिक केन्द्रका अध्यक्ष प्रकाश खेतान र वीरगन्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णको विशेष उपस्थिति रहेको थियो । कार्यक्रमका सहभागीहरूले स्थानीय तह, सुरक्षा निकाय र समुदायको सहकार्यमा रेल संग्रहालय निर्माणको प्रारम्भिक चरण अघि बढिरहेको बताउँदै यसले शहरको पहिचान, पर्यटन प्रवर्द्धन र ऐतिहासिक सम्पदा संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

# इन्टरनेटले होइन, अनुभवले बुझ्नुपर्छ स्थानीय समस्या : बालेन शाह



**काठमाडौं, १० माघ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता बालेन शाहले चुनावी अभियानलाई कागजमा सीमित नराखी प्रत्यक्ष अनुभवमा आधारित बनाउनुपर्ने बताएका छन् । झापा-५ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहेका शाह तेह्रथुमको म्याङ्लुङ देवीथानमा स्थानीय मतदातासँग भेटघाट गर्दै अभियान सञ्चालन गरिरहेका छन् । स्थानीयसँगको संवादमा शाहले भने, "कुनै पनि जिल्लालाई रिपोर्ट, किताब वा इन्टरनेटमा मात्र सीमित गरेर बुझ्न सकिँदैन । यहाँ आएर माटोमा बसेर, यहाँका मान्छेसँग कुरा गरेपछि मात्रै वास्तविक समस्या बुझ्न सकिन्छ। भोलि संसदमा कुरा उठाउँदा अनुमान होइन, अनुभूतिलाई आधार बनाउनुपर्छ ।"उनले इन्जिनियरिङ पृष्ठभूमिको अनुभव प्रयोग गर्दै ठूला र अव्यवहारिक योजनाभन्दा स्थानीय तहबाटै सुरु गर्न सकिने काममा जोड दिनुपर्ने धारणा राखे । तेह्रथुमको कृषि उत्पादन क्षमता प्रशंसा गर्दै उनले उत्पादन भए पनि बजार व्यवस्थापन कमजोर भएको समस्यालाई प्रमुख चुनौतीको रूपमा औँल्याए । भेटघाट कार्यक्रममा रास्वपा तेह्रथुमका उम्मेदवार सुरेन्द्र कार्की पनि उपस्थित थिए । शाहले आगामी नीति तथा योजनामा स्थानीय बिचार र सुझाव समावेश गर्न जिल्ला-जिल्ला भ्रमण जारी राख्ने बताएका छन् । यसअघि उनी इलाम, ताप्लेजुङ र पाँचथर हुँदै तेह्रथुममा पुगेका थिए र पूर्वी नेपाल केन्द्रित चुनावी अभियान सञ्चालन गरिरहेका छन् ।

# कांग्रेसले माघ १६ मा जनकपुरमा भव्य सभासहित अभियान सुरु



**जनकपुर,१० माघ ।**

नेपाली कांग्रेसले आसन्न प्रतिनिधिसभा निर्वाचनको चुनावी अभियान मधेश प्रदेशबाट सुरु गर्ने भएको छ । पार्टीले माघ १६ गते जनकपुरधाममा प्रदेशस्तरीय वृहत् सभा आयोजना गर्दै औपचारिक रूपमा चुनावी प्रचारको थालनी गर्ने निर्णय गरेको हो । जनकपुरमा हुने सभालाई कांग्रेस सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मालगायत शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम तय भएको छ । पार्टीले उपसभापति शर्मालाई केन्द्रीय चुनावी प्रचार-प्रसार समितिको संयोजकको जिम्मेवारी पनि दिएको छ ।

सभाको समन्वय र व्यवस्थापन केन्द्रीय तहबाट उपसभापति शर्माले गर्नेछन् । मधेश प्रदेशस्तरीय सभाको तयारीलाई तीव्रता दिन प्रदेश समितिको शनिबार बैठक बस्ने तयारी भइरहेको प्रचार संयोजक नितेशकुमार गुप्ताले जानकारी दिए ।

'चुनावी प्रचारको तयारीका लागि आज प्रदेश समितिको बैठक बस्दैछ,' गुप्ताले भने, ' माघ १६ गते हुने सभामा ठूलो जनसहभागिता हुने अपेक्षा छ ।' कांग्रेस सभापति गगन थापा सर्लाही-४ बाट उम्मेदवार रहेका छन् । यही कारण पनि यसपटकको निर्वाचनमा कांग्रेससहित अन्य दलहरूले मधेशलाई केन्द्र बनाएर आफ्ना गतिविधि सशक्त बनाएका छन् । यसअघि जनकपुरमै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले चुनावी सभा आयोजना गरिसकेको छ ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा